## मिति २०८२।१२।१८ गते बसेको लमही नगर कार्यपालिकाको १७४ औं बैठकको निर्णयहरू:

निर्णय नं.३. यस लमही नगर कार्यपालिकाको कार्यालयमा कार्यरत, लुम्बिंनी प्रदेश स्थानीय निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ७(२) बमोजिम तहमिलान भएका तपसिल बमोजिमका सातौं तहका कर्मचारीहरूलाई 'लुम्बिनी प्रदेश स्थानीय निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा ३१ बमोजिम आठौं तहमा प्रशासनिक विधी प्रकृया पुराई तहवृद्धि अनुमति दिने ।

तपसिल

| क्र.सं. | नाम थर | हालको पद | हालको तह | हालको तहमा ५ बर्ष सेवा अवधि पुगेको मिति | बृद्धि हुने तह | तहबृद्धि लागु हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | श्री सौगात वली | ईन्जिनियर | सातौं | २०८१।०९।२४ | आठौं | २०८१।१०।०१ |
| २ | श्री महेश थापा ठेडी | प्रशासकीय अधिकृत | सातौं | २०८१।०९।०१ | आठौं | २०८१।१०।०१ |

निर्णय नं.४. यस नगरपालिकाको विभिंन्न विषयगत समितिबाट पेश भएका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

क) मिति २०८२ साल चैत्र महिनाको १५ गते बसेको लमही नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिको बैठकको निर्णयहरू अनुमोदन गर्ने ।

ख) मिति २०८२ साल चैत्र महिनाको १७ गते बसेको लमही नगरपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन समितिको बैठकको निर्णयहरू अनुमोदन गर्ने ।

ग) मिति २०८२ साल चैत्र १८ गते बसेको लमही नगरपालिकाको बिद्येयक समितिको बैठकबाट पेश भएका देहायका कानूनहरू स्विकृत गर्ने ।

तपसिल

| क्र.सं. | विद्येयकहरू |
|---|---|
| १ | लमही नगरपालिकाको मृगौला तथा आनुवंशिक बिरामीहरूको लागि रक्त खर्च अनुदान कार्यविधि, २०८२ |
| २ | लमही नगरपालिको एड्स पीडित पोषण अनुदान कार्यविधि, २०८२ |
| ३ | लमही नगरपालिकाको स्वास्थ्य कार्यक्रम ब्यवस्थापन मार्ग दर्शन, २०८२ |
| ४ | लमही नगरपालिका सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८२ |

निर्णय नं.५. लमही नगरपालिका वडा नं. ८ मा संचालित सतबरिया जहरे गाँउ खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले नविकरणको लागि निबेदन पेश गरेकोले लमही नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि, २०८१ को दफा (२६) बमोजिम नविकरण प्रमाणपत्र जारी गर्न स्विकृति प्रदान गर्ने ।

निर्णय नं.६. लमही आँखा अस्पतालले भवन निर्माणार्थ माग गरेको जग्गाको सम्बन्धमा लमही नगरपालिका वडा नं. ९ रिहार मा अवस्थित अन्दाजी २ विगाहा १० कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराउने ।

२०८२।१२।१८

नगर प्रमुख

२०८२।१२।१८

CamScanner